# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असोज ७ गते

**मानव अधिकार उल्लंघनका घटनामा गरिएका सिफारिस कार्यान्वयनको अवस्था बारे आयोगले अध्ययन गर्ने ।**

मानव अधिकार उल्लंघनका घटनाहरुको सम्बन्धमा गरिएका सिफारिस कार्यान्वयनको स्थिति र पीडित परिवारको अवस्था बारे राष्ट्रिय मानव अधिकार आयोगले अध्ययन गर्ने भएको छ ।

आयोगले पहिलो चरणमा रामेछापको दोरम्वा, चितवनको बाँदरमुढे, कपिलवस्तु, पाँचथरको नाँगी र धनुषाको गोदार लगायत १२ वटा मुख्य घटनाको बारेमा अध्ययन गर्न लागेको हो । सिरहा र डोटीमा भएको जातीय भेदभाव, महोत्तरीमा बोक्सीको नाममा महिला माथि भएको हिंसाको सम्बन्धमा पीडितको अवस्थाको बारेमा आयोगले अध्ययन गर्ने भएको हो ।

२०५८ सालमा ८ जना मारिएको र ३ जना घाइते भएको फुलवारी दाङ घटना, ३७ जना मारिएको कोटवाडा, कालिकोटको घटना, २०६० सालमा ६ जना मारिएको र २३ जना घाइते भएको नागी पाँचथरको घटना, २१ जना मारिएको दोरम्बा, रामेछाप घटना र ६ जना मारिएको बाँगादोभान बाग्लुङको घटना, २०५८ सालमा महिलालाई बोक्सीको आरोप लगाई चरम यातना दिएको महिला हिंसाको घटनासँग सम्बन्धित सिफारिस कार्यान्वयनको अवस्थाको बारेमा आयोगले अध्ययन गर्नेछ ।

२०६० सालमा ५ जनाको हत्या गरिएको गोदार धनुषाको घटना र ४ जनाको हत्या गरिएको चिसापानी खोटाङको घटनालाई पनि आयोगले आफ्नो अध्ययनको लागि छनौट गरेको छ । २०६२ सालमा ३५ जनाको हत्या गरिएको र ठूलो संख्यामा घाइते भएको बाँदरमुढे चितवनको घटना र ५८ जनाको हत्या भएको पिली, कालिकोटको घटनालाई पनि आयोगले सिफारिस कार्यान्वयन अवस्थाको अध्ययन गर्ने सूचीमा समावेश गरेको छ ।

आयोगले २०६४ सालमा कपिलवस्तुमा १४ जना मारिएको र सयौं विस्थापित तथा घाइते भएको कपिलवस्तु घटना र २०६५ सालमा कैलाली र कन्चनपुर तथा सप्तरी र सुनसरीका बाढी पीडितका सम्बन्धमा गरेको सिफारिश कार्यान्वयनको अवस्थाको बारेमा टोलीले स्थलगत अध्ययन गर्नेछ । साथै जातीय विभेदका सम्बन्धमा शैलेश्वरी मन्दिर प्रवेश सम्बन्धी डोटीको घटना तथा सिनो उठाउन अस्वीकार सम्बन्धी सिरहा घटना र महिला हिंसाका २०५८ सालमा महोत्तरी सिमरदेहीमा घटेको घटनामा समेत आयोगले अध्ययन गर्ने भएको छ ।

आयोगले गाम रोल्पा, मंगलसेन अछाम, घोराही दाङ र पिली कालिकोट घटनामा मारिएका सेनाका परिवारका विषयमा नेपाली सेनासँग तथा भकुण्डेवेशी काभ्रेपलाञ्चोक, नौमुने दैलेख र भीमान सिन्धुलीमा मारिएका प्रहरी परिवारका विषयमा नेपाल प्रहरीसँग जानकारी माग गर्ने छ । आयोगले धान खोला दाङ, खैरी खोला बाँके, कुसुम, भालुभाङ दाङ, चैनपुर संखुवासभा र सतवरिया दाङका घटनाका पीडित परिवारका सम्बन्धमा सशस्त्र प्रहरीसँग जानकारी माग्ने भएको छ ।

यस अध्ययन र अनुसन्धानका लागि आयोगको सम्पर्कमा रहेका पीडित परिवार र सरोकारवालासँग पनि आयोगले अन्तरक्रिया गर्नेछ । टोलीमा नेपाल ल क्याम्पसले तोकेका स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी समेत संमलग्न रहेका छन् । आयोगले २०७२ साल असोज ७ गते तीन अलग अलग अध्ययन टोली रामेछाप, चितवन, धादिङ परिचालन गरेको छ । अध्ययनका क्रममा आयोगको टोलीलाई आवश्यक सहयोग पुऱ्याउन सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org